# तेश्रो वार्षिकोत्सवको उपलक्ष्यमा विविध कार्यक्रमहरु सम्पन्न

नेपाल ग्रामीण विकास बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत रुपन्देही जिल्लाको शुद्धोधन गाउँपालिक वार्ड नं. २ भुजौलीमा २०७४ साउन २८ गतेका दिन एक दिवशिय निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम सम्मपन्न गरेको छ ।

युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज टिचिङ्ग हस्पिटल (UCMS) भैरहवाको प्राविधिक सहयोग र बैंकको आयोजनामा भुजौली ईङ्गलिस बोडिङ्ग स्कुलको प्रांङ्गणमा सञ्चालन भएको उक्त स्वास्थ्य शिविरमा स्त्री रोग विशेषेज्ञ, फिजिसियन तथा दन्त रोग विशेषेज्ञहरुद्धारा स्वास्थ्य परिक्षण गरिएको थियो ।

शिविरको उद्घाटन कार्यक्रममा बैकका प्रमुख कार्यकारी अधिकृत पर्वतकुमार कार्कीले बैंकले लघुवित्त कार्यक्रमका साथ साथै सामाजिक र रचनात्मक कार्यक्रमहरुको आयोजना गर्दै जाने उदेश्य अनुरुप स्वास्थ्य शिविरको संचालन गरिएको बताउनु भयो ।

सो स्वास्थ्य शिविरमा UCMS मेडिकल कलेजका प्रशासकिय अधिकृत तेजबहादुर केशीले आफुहरु सहयोगका लागि हरपल तत्पर रहेको बताउदै नेपाल ग्रामीण विकास बैकका ग्राहक सदस्यहरुलाई भविष्यमा पनि निरन्तर रुपमा स्वास्थ्य सेवामा सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

उक्त स्वास्थ्य शिविरमा भुजौली र आसपास क्षेत्रका करिव पाँचसय जना महिला, पुरुष, बृद्धबृद्धा तथा बालबालिकाहरुको स्वास्थ्य परिक्षण गरिएको थियो । शिविरमा डा.हर्लिन वाली, डा.शुरेश श्रेष्ठ, डा.चन्द्रिमा कार्की, डा.कृति श्रेष्ठ, डा. आकाश, डा.निलम सुवेदी लगाएको टोलीले शिविरमा स्वास्थ्य चेकजाँच गरेका थिए ।

बैंकको वार्षिकोत्सव आयोजना सामाजिक सेवा उप-समितिका संयोजक लक्ष्मण अर्यालले आउँदा दिनमा पनि यस्ता किसिमका सामाजिक कामहरु गर्न आफुहरु अग्रसर हुने बताउनु भयो ।





यसैगरी बैकले २०७४ साउन २९ गतेका दिन प्रधान कार्यालय बुटवलको परिसरमा  रक्तदान कार्यक्रमको  सम्पन्न गरेको छ । मानविय सेवा र धर्मका लागि रक्त दान गर्न सबै अगाडी बढौ भन्ने मूल उदेश्यबाट अभिप्रेरित भई  नेपाल ग्रामीण विकास बैंकले आफ्नो तेश्रो वार्षिकोत्सवको उपलक्षमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो । उक्त रक्तदान कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत पर्वत कुमार कार्की लगायत ३० जना कर्मचारी तथा विभिन्न व्यक्तिहरुले रक्तदान गर्नु भएको थियो । ‘रक्तदान जीवन दान’ भन्ने मूलमन्त्रलाई आत्मसाथ गरी रक्तदान गर्नेहरुमा बैंकका निर्देशक राजेश शर्मा, कम्पनी सचिव दिपक प्रसाद पाण्डे, उपनिर्देशक खगेन्द्र प्रसाद अर्याल, कुमार बहादुर सिंह, बरिष्ठ अधिकृत शिरोज नेपाल, अधिकृत दिपक प्रसाद न्यौपाने, मधुसुदन पोखेल, सहायक अधिकृत अर्जुन प्रसाद आचार्य, बालकृष्ण गैरे, देबेन्द्र अधिकारी, ब.स कुमार प्रसाद दाहाल, भोला बराल,रमेश दाहाल, तिर्थ बहादुर कटुवाल, प्रधान चालक यान बहादुर थापा, ब.का.स दिपक प्रसाद भण्डारी, चालक दुर्गा चौधरी, का.स माया भण्डारी,सुरक्षा गार्ड त्रिवेणी प्रसाद प्रजापति, पुष्कर प्रजापति, केन्द्र प्रमुख पार्वती कार्की  हुनुहुन्थ्यो । यसैगरी बिदुर पाण्डे, चिन्तामणी ज्ञवाली,समिम कुरैसी लगायका व्यक्तिहरुले पनि   रक्तदान गर्नु भएको थियो ।



यसैगरी बैंकले तेश्रो वार्षिकोत्सवको अवसरमा २०७४ साउन ३० गते शंकरनगर वनवाटिका परिसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ । उक्त वृक्षारोपण कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष माणिकरत्न शाक्य, सञ्चालक हिक्मत बहादुर भण्डारी, हरीशरण के.सी, जमुना ढकाल, चन्द्रावती घिमिरे(पौडेल), प्रज्वल ध्वज थापा, भेषराज कंडेल, प्रमुख कार्यकारी अधिकृत पर्वत कुमार कार्की, निर्देशक राजेश शर्मा र बैंकका अधिकृत तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।




यसैगरी बैंकले तेश्रो वार्षिककोत्सव कार्यक्रम अन्तर्गत २०७४ साउन ३० गते विहान सिद्धबाबा शिवकुमारी सैंजु बृद्धाश्रम बुटवल तल्लो फूलवारीमा रहेका बृद्ध बृद्धाहरुलाई खाद्यान्न वितरण कार्यक्रम सम्पन्न गरेको छ । उक्त खाद्यान्न वितरण कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, बैंकका अधिकृत तथा कर्मचारीहरु र उक्त संस्थाको तर्फबाट कृष्ण प्रसाद श्रेष्ठको सहभागिता रहेको थियो ।

